# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०७/०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

आङ्दिम स्वास्थ्य चौकी, तेह्रथुमका अ.हे.व. श्री रामलाल सुनुवारले कक्षा १० नै अध्ययन नगरी हालको कास्की जिल्ला पोखरा उप-महानगरपालिका स्थित गण्डकी बोर्डीङ स्कूलको नक्कली छाप र प्याड बनाई आफैले प्रिन्सिपलको सहिछाप गरि मार्कसिट र चारित्रिक प्रमाणपत्र बनाई पेश गरी उक्त पदमा कार्यरत रहेको हुँदा छानविन गरी आवश्यक कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उदेश्यले गण्डकी बोर्डीङ स्कूल लामाचौर, पोखराबाट एस.एल.सि. उत्तिर्ण भएको नक्कली एवं झुठ्ठा प्रमाणपत्रहरु पेश गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता